# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बेसीशहर, लमजुङ
## गण्डकी प्रदेश, नेपाल

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

## कृषि कार्यक्रम सञ्चालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना !

**प्रथम पटक प्रकाशित मितिः २०८२/०५/०८ गते**

बेसीशहर नगरपालिका कृषि विकास शाखाको आ.व. २०८२/८३ को नगरपालिका तर्फको तपशिल अनुसारको कार्यक्रम सञ्चालन हुने हुदाँ बेसीशहर नगरपालिका भित्रका ईच्छुक कृषक समुह/कृषि फर्म/कृषि सहकारी/सामूदायिक विद्यालय/ कृषकहरुले देहाय बमोजिमको कागजात सहित सूचना प्रकाशन भएको मितिले ३० दिन (२०८२/०६/०७ गते) भित्र कृषि विकास शाखामा आवेदन पेश गर्न हुन जानकारीका लागि सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिलः

| क्र.सं | कार्यक्रमहरु/कृयाकलापको नाम | संख्या/ लक्ष्य | विनियोजित बजेट( रु. हजारमा) | कार्यक्रम सञ्चालन गर्ने मापदण्डहरु |
|---|---|---|---|---|
| १ | बजारमुखी व्यवसायिक तरकारी उत्पादन कार्यक्रम | ११ | ५५० | - खुला जमिनमा भए कम्तिमा २ रोपनी र प्लाष्टिक घर भए २०० वर्ग मि. क्षेत्रफलमा व्यवसायिक रुपमा खेती गरिनुपर्ने।<br>- सामूहिक भए कम्तिमा ७ रोपनी क्षेत्रफलमा खेती गरिनुपर्ने।<br>- उत्पादन वृद्धि हुने कार्यमा मात्र खर्च गर्न पाइनेछ।<br>- पुर्वाधार निर्माणमा खर्च गर्न पाइने छैन।<br>- कम्तिमा ५०% बराबरको लागत साझेदारी भएको हुनुपर्ने।<br>- बजारको माग अनुसारको व्यवसायिक रुपमा तरकारी खेती गर्नुपर्ने।<br>- सकृय कृषि फर्म/ कृषक समूह/ सामुहिक खेतीलाई प्राथमिकता प्रदान गरिने। |
| २ | होमस्टे लक्षित प्राङ्गारिक तरकारी खेती कार्यक्रम | ४ | १०० | - नियमानुसार दर्ता भएको होमस्टे अन्तर्गतका कृषक हुनुपर्ने।<br>- प्राङ्गारिक तवरले खेती गरिनुपर्ने।<br>- होमस्टे सञ्चालनमा सहयोग हुने बाली लगाउनुपर्ने।<br>- बढिमा ५०% अनुदान प्रदान गरिने। |
| ३ | सामूदायिक विद्यालयमा कृषि चिनारी कार्यक्रम | २ | १०० | - सामूदायिक विद्यालय हुनुपर्ने छ ।<br>- कृषि विषय अध्यायन हुने विद्यालयलाई प्राथमिकता दिईनेछ ।<br>- कार्यक्रम संचालनका लागि विद्यालयको आफ्नै जग्गा भएकोलाई प्राथमिकता दिइनेछ । |

Adhikari
ममता अधिकारी
शाखा प्रमुख
कृषि अधिकृत

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

<u>आवश्यक कागजातहरुः</u>

१. तोकिएको ढाँचामा निवेदन।

२. सम्बन्धित वडा कार्यालयको सिफारिस।

३. नेपाली नागरिकताको प्रतिलिपि।

४. संस्थाको हकमा दर्ता तथा नविकरण गरेको प्रमाणपत्र, संस्थाको स्थायी लेखा नम्बर, कर चुक्ता, कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपि, संस्थाको निर्णय प्रतिलिपि।

५. मापदण्ड तथा कार्यविधिमा तोकिएको अन्य कागजातहरु।

*नोटः थप जानकारीको लागि कृषि विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।*

ममता अधिकारी
शाखा प्रमुख
कृषि अधिकृत, (सातौं तह)

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत